Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74186
Research Article
ISSN: 3021-9035 Print

# बौद्धदर्शनका व्यावहारिक उपयोगिता

*यादवप्रसाद शर्मा*
*sharmayadav134@gmail.com*

## लेखसार

बौद्धदर्शनको सङ्क्षिप्त परिचय दिई यस दर्शनमा रहेका सामाजिक जीवनका निम्ति उपयोगी पक्षहरू प्रस्तुत गर्ने उद्देश्यमा केन्द्रित प्रस्तुत लेखका लागि पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ र यसरी सङ्कलित सामग्रीको विश्लेषण निगमनात्मक विधिबाट गरी लेखनमा एपिएपद्धति प्रयोग गरिएको छ। यो लेखमा शील, सदाचार-जन्य उपयोगिता, विभेदरहित दृष्टिजन्य उपयोगिता, सम्बोधिजन्य उपयोगिता, गृहस्थहरूका लागि व्यावहारिक उपदेश, सामाजिक, आर्थिक, धार्मिक र न्यायिक व्यवहार-जन्य उपयोगिताजस्ता विषयमा छलफल गरिएको छ तथा अन्तमा अनुचित र निरर्थक वचनबाट बँचेर सदा मङ्गलमयी र कल्याणकारी सुभाषित वाणीको प्रयोग, दुष्कर्महरूको परित्याग तथा करुणा, मैत्री आदिबाट उत्प्रेरित आचरण र चोरी, छलकपट, धुर्त्याइँ, घुस, आर्थिक बेइमानीजस्ता निषिद्ध कर्महरूबाट बँचेर गरिने न्यायपूर्ण जीविकोपार्जनको शिक्षा उपयोगितापूर्ण रहेको, विभेदरहित जीवनदृष्टि उपयोगितापूर्ण रहेको, सम्बोधिजन्य विकारविमुक्ति परम उपयोगी रहेको, गृहस्थहरूका लागि दिइएको व्यावहारिक उपदेश सार्थक जीवनयापनका लागि अत्यन्त उपयोगी रहेको र तपश्चर्याका नाममा गरिने शील, समाधि, प्रज्ञा र विमुक्तिसँग असम्बन्धित मूर्खतायुक्त अन्धवेणी परम्पराहरूको बौद्धदर्शनले गरेको खण्डन पनि सशक्त रहेको निष्कर्ष दिइएको छ।

## शब्दकुञ्जी

शीलसदाचार,ब्राह्मणत्व, सम्बोधि, मङ्गल, तपस्या

## विषय प्रवेश

बुद्धको आविर्भाव र महापरिनिर्वाणको समय निश्चित रूपबाट निर्धारण हुन नसकेको भए तापनि बौद्धपरम्परा भने एकमतले ५४४ ई.पू. लाई बुद्धको महापरिनिर्वाणको समय मान्दछ। बुद्धले ८० वर्षको उमेरमा महापरिनिर्वाण प्राप्त गरेको मानिन्छ । अतः बौद्धपरम्पराअनुसार उनको जन्म ६२४ ई.पू.मा भएको मानिन्छ। अन्य केही विद्वान्हरू बुद्धको जन्म ५६६ ई.पू. र महापरिनिर्वाण ४८६ ई.पू. मान्दछन् । जे होस् बुद्धको महाभिनिष्क्रमणदेखि लिएर महापरिनिर्वाणसम्मको समय ईसा पूर्व छैटौँ शताब्दी हो भन्ने कुराको पुष्टि हुन्छ। बुद्धत्वप्राप्ति पूर्वको बुद्धको नाम सिद्धार्थ गौतम हो। सिद्धार्थ गौतमको जन्म कपिलवस्तुका शाक्यगणका राजा सूर्यवंशी क्षत्रिय शुद्धोदनकी पत्नी मायादेवीको गर्भबाट भएको थियो । उनी जन्मेको स्थल लुम्बिनी वर्तमान समयको नेपालको रूपन्देही जिल्लामा पर्छ । सिद्धार्थ गौतमको जन्मको केही दिनपछि उनकी आमाको देहावसान भयो। आमाको मृत्युपछि उनको पालन-पोषण उनकी सानीमा तथा विमाता प्रजापति गौतमीले गरिन्। सिद्धार्थ गौतमको विवाह अत्यन्त रूपगुणशीलवती राजकुमारी यशोधरासँग भयो अनि सिद्धार्थ गौतम र यशोधराबाट राहुल नामक पुत्रको जन्म भयो। मृतक, बृद्ध, रोगी र सन्यासी देखेर सिद्धार्थ गौतमलाई संसारको नश्वरता र दुःखरूपताको प्रतीति भयो । यसबाट तीव्र वैराग्य उत्पन्न भएका कारण उनले उनन्तिस वर्षको युवावस्थामा शाक्य गणराज्यको समृद्धि र वैभवलाई छाडी महाभिनिष्क्रमण गरे । ६ वर्षसम्म अनेक किसिमका साधना एवं तपश्चर्या

गरे । अन्तमा वैशाख पूर्णिमाको रात्रिको तेस्रो प्रहरमा प्रतीत्यसमुत्पादको ज्ञान प्राप्त गरे । प्रतीत्यसमुत्पादको ज्ञान प्राप्तिपछि दुःखनिरोधगामी मार्गमा यात्रा गर्दागर्दै उनलाई दुःखनिरोध अर्थात् निर्वाणको साक्षात्कार भयो । केही दिन निर्वाणसुखको गहिरो अनुभूतिमा डुबे पनि लोककल्याणका लागि उपदेश दिन प्रारम्भ गरे । यसरी बुद्धका उपदेशबाट प्रारम्भ भएको दर्शन बौद्धदर्शन हो।

व्यावहारिक भन्नाले व्यवहारमा चल्ने, चल्न सक्ने, चल्न आवश्यक वा चलेको भन्ने बुझिन्छ। दर्शनको व्यावहारिक पक्ष भन्नाले व्यावहारिक जीवनमा काम लाग्ने वा चलनमा आउन सक्ने दर्शनको गुण वा पक्ष बुझिन्छ। बौद्धदर्शन तत्कालीन समाजमा व्याप्त रूढि तथा अन्धविश्वासका विरुद्धमा पनि परिलक्षित रहेको पाइन्छ। विशेषगरेर त्यस समयमा कर्मकाण्डमा अन्धविश्वास र हिंसाको पराकाष्ठा, तान्त्रिक साधनामा नरबलि, पुरोहितहरूको अहंकार तथा समाजमा रहेको मानवमानवबिचको विभेद र छुवाछुतका विरुद्ध गौतम बुद्धका अहिंसा, विनय, करुणा र वैज्ञानिक र तथ्यगत दृष्टिमा आधारित व्यावहारिक सिद्धान्त जनताका बिच अत्यन्तै लोकप्रिय हुन पुगे । बुद्धका उपदेशहरूमा आध्यात्मिक तत्त्वहरूको बौद्धिक तर्कवितर्क र वाणीको विलासलाई महत्त्व नदिएर विशुद्ध आचारमार्गलाई नै जनकल्याणका निम्ति अत्यन्त सरल ढङ्गबाट प्रतिपादित गरिएको छ । विशुद्ध आचरणको साधनाबाट चित्तको विशोधन भएपछि स्वानुभूतिबाट नै आध्यात्मिक तत्त्वहरूको स्वतः रहस्योद्घाटन हुनुलाई बुद्धले महत्त्व दिएका छन्।

उपयोगिता भनेको भाव वा व्यावहारिक जीवनमा काम लाग्ने वा चलनमा आउन सक्ने गुण हो । धर्म र दर्शन जीवनोपयोगी वा सामाजिक व्यवहारअनुकुल पनि हुनुपर्छ भन्ने बुद्धको दृष्टि रहेको पाइन्छ। धर्म र दर्शनले सामाजिक जीवनलाई सहज, सरल, स्वाभाविक, शान्तिपूर्ण र न्यायपूर्ण बनाउने काममा सशक्त रूपले मार्गदर्शन गर्नुपर्छ । यो कुरा बुद्ध र अन्य अरहन्तहरूका उपदेशहरूमा पनि पर्याप्त मात्रामा पाइन्छ । अतः यस लेखमा बौद्धदर्शनमा रहेको व्यावहारिक पक्षको अनुसन्धान गरी यो दर्शनका सामाजिक तथा व्यावहारिक उपयोगिताका पक्षमा प्रकाश पार्ने प्रयत्न गरिएको छ।

## *अध्ययनविधि*

बौद्धदर्शनका व्यावहारिक उपयोगिता शीर्षकको प्रस्तुत लेखसँग सम्बन्धित अध्ययन र विश्लेषणका लागि सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ र सामग्रीहरूको सङ्कलन, अध्ययन र विश्लेषणको आधार बौद्धदर्शनलाई बनाइएको छ । प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचा र व्याख्यात्मक पद्धतिमा आधारित रहेको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई ज्ञानको स्रोत र तिनीहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ।

## *बौद्धदर्शनका व्यावहारिक उपयोगिता*

बौद्धदर्शन विशुद्ध रूपले मानव–केन्द्रित दर्शन हो। बौद्धदर्शनले ढिलोचाँडो यथाभूत अनुभूतिमा उत्रन नसक्ने कोरा कल्पना तथा बुद्धिबिलासलाई महत्त्व दिँदैन। स्वयं दुःखको जञ्जालमा जेलिएको व्यक्तिका लागि आत्मा–परमात्मा र जगत्का मूल तत्त्वहरूका बारेको कोरा बौद्धिक जिज्ञासाको कुनै उपयोगिता हुँदैन। सम्बोधिको प्राप्तिसँगै यस्ता सबै जिज्ञासको समाधान स्वतः स्पष्ट हुन्छ। यस दर्शनको कर्मकाण्डीय क्रियाकलापसँग कुनै सरोकार छैन। यो विशुद्ध विमुक्तिको दर्शन हो । विमुक्तिको प्राप्तिका निम्ति शील, समाधि र प्रज्ञाको मार्गबाट यात्रा गर्नुपर्छ। प्रारम्भिक पालि ग्रन्थहरूमा निर्वाणलाई यही जीवनमा प्राप्त हुने चेतनाको उच्चतम अवस्था मानिएको छ (सक्सेना, सन् २००५, पृ.१८६)। शील पालनको नैतिक र सामाजिक महत्त्व रहेको हुन्छ। शील–सदाचारको पालनबाट मनमा सामाजिक र मानसिक विक्षेपको सृजना हुँदैन; परिणाम स्वरूप मन समाधिमा स्थित हुन्छ। यसैगरी समाधि र आत्मसंयमबाट प्रज्ञा जागृत हुन्छ र प्रज्ञाको परिणामस्वरूप निर्वाणको साक्षात्कार हुन्छ । यसकारण शीलपालनको उपादेयता समाधिको प्राप्ति, समाधिको उपादेयता प्रज्ञाको जागरण र प्रज्ञाको उपादेयता निर्वाणको साक्षात्कार हो । सम्पूर्ण बौद्धदर्शन सामाजिक उपयोगिताले परिपूर्ण रहेको भए तापनि यो लेखमा प्रत्यक्ष रूपमा सामाजिक जीवनका व्यावहारिक पक्षसँग सम्बद्ध कुराहरूको मात्र विश्लेषण गरिएको छ।

## *शील सदाचारजन्य उपयोगिता*

बुद्धले दुःख आर्यसत्य, दुःखसमुदय आर्यसत्य, दुःखनिरोध आर्यसत्य र दुःख निरोधमार्ग आर्यसत्य गरी चार प्रकारका आर्यसत्यको उपदेश दिएका छन्। यी चार आर्यसत्यको प्रज्ञापना नै स्वयंमा एउटा महत्त्वपूर्ण कुरा हो। दुःखको सत्यता, दुःखको वास्तविक कारणको सत्यता, दुःखको निवारणको सत्यता र दुःख निवारणको उपायको सत्यता गरी जीवन–जगत्का यी चार महत्त्वपूर्ण सत्यतालाई महत्त्व नदिएर धर्मका नाममा विविध साम्प्रदायिक एवम् दार्शनिक मान्यता, कर्मकाण्ड र बुद्धिजन्य तर्क–वितर्कका जञ्जालमा जकडिएको समाजलाई साम्प्रदायिक बन्धनबाट मुक्त बनाउने प्रयत्न गरिएको हुँदा बुद्धका उपदेशहरू सामाजिक उपयोगिताका दृष्टिले महत्त्वपूर्ण छन्।

बुद्धले दिएको शील, समाधि र प्रज्ञाका आठ अङ्ग भएको दुःख निरोधमार्ग सत्यको उपदेशमा १. सम्यक् दर्शन २. सम्यक् सङ्कल्प ३. सम्यक् वचन ४. सम्यक् कर्मान्त ५. सम्यक् आजीविका ६. सम्यक् व्यायाम ७. सम्यक् स्मृति ८. सम्यक् समाधि गरी आठ अङ्गहरू छन् (संनि–३.५.१०८१, धम्मचक्कप्पवत्तनसुत्त)। यस आर्य अष्टाङ्गिक मार्गका प्रमुख तीन विभागहरूमध्ये तेस्रो, चौथो तथा पाँचौ शील–सदाचारको विभाग छैटौँ, सातौँ र आठौँ समाधिको विभाग र पहिलो तथा दोस्रो प्रज्ञाको विभागमा पर्दछन्।

शील–सदाचारको विभाग सामाजिक–नैतिक व्यावहारिकताका दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ। यस–अन्तर्गत सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका पर्छन्। सम्यक् वाणीमा मूलतः अनुचित वचनको परिहार गरिन्छ। अनुचित वचनमा मुख्य रूपमा मिथ्या भाषण, निन्दा, छुल्याइँ, कठोर वचन र व्यर्थ प्रलाप पर्छन्। यस्ता अनुचित वचनबाट बँचेर सधैँ मङ्गलमयी र कल्याणकारिणी सुभाषित वाणीको प्रयोग व्यावहारिक उपयोगिताका दृष्टिले पनि महत्त्वपूर्ण हुन्छ। भिक्षुहरूलाई उपदेश दिने क्रममा बुद्धले एकत्र हुँदा धर्मचर्चा या आर्यमौनमध्ये केवल एक मात्र काम गर्नुपर्ने औँल्याएका छन्, (उदा–१२, राजसुत्त)। बुद्धका अनुसार सत्यकाविषयमा सम्यक् विमर्शबाहेक मिथ्या भाषण, निन्दा, छुल्याइँ, व्यर्थ प्रलाप आदि पूर्ण रूपमा निरर्थक छन्।

सम्यक् कर्मान्त भन्नाले हाम्रो बाह्य शारीरिक कार्यव्यापार बुझिन्छ। दुष्कर्महरूको त्यागबाट हाम्रो व्यावहारिक जीवन पवित्र हुन्छ त्यसैले जीवहिंसा, द्वेष, चोरी, दुर्व्यसन, व्यभिचार प्रभृतिदुष्कर्महरूको परित्याग र करुणा, मैत्रीजस्ता सत्कर्मको आचरण सम्यक् कर्मान्तभित्र पर्छन्। सदाचरणबाट समाज र संस्कृतिको पनि संरक्षण हुने र सदाचारी व्यक्तिले स्वयं पनि आनन्दपूर्ण सुखी जीवनयापन गर्न सक्ने भएकाले व्यावहारिक उपयोगिताका दृष्टिले पनि मङ्गलपूर्ण हुन्छ।

सम्यक् आजीविका भनेको चोरी, छलकपट, धुर्त्याइँ, घुस, आर्थिक बेइमानीजस्ता निषिद्ध कर्महरूबाट बँचेर आजीविका चलाउनु हो। सम्यक् आजीविका भनेको न्यायपूर्ण जीविकोपार्जन हो (शर्मा, सन् २०१०, पृ. ४९)। जीविकोपार्जनका सन्दर्भमा अनुचित साधनहरूको त्याग र उचित साधनहरूको उपयोग नै सम्यक् आजीविका हो। युद्धका साधन अथवा हतियारको व्यापार, प्राणीको व्यापार, मासुको व्यापार, मदिरालगायत सबै प्रकारका लागु पदार्थको व्यापार, विषको व्यापारजस्ता निषिद्ध साधनहरू परित्याग र उत्कोच/घुस, चोरी, ठगी, छलकपट, धुर्त्याइँ, आर्थिक बेइमानी, विश्वासघातजस्ता प्रपञ्ची आजीविकाबाट बँच्नु नै सम्यक् आजीविका हो (मिश्र, सन् २००९, पृ. २६८)। सम्यक् आजीविका पनि सभ्य, शान्तत था सुखी समाजको निर्माण र मानसिक तथा शारीरिक रूपमा स्वस्थ जीवनका निम्ति अनिवार्य भएकाले व्यावहारिक उपयोगिताका दृष्टिले महत्त्वपूर्ण हुन्छ।

## *विभेदरहित दृष्टिजन्य उपयोगिता*

बुद्धले आफ्ना उपदेशहरूमा सत्कर्मको महत्त्वमाथि प्रकाश पार्दै मनुष्यकर्मबाट नै श्रेष्ठ हुन्छ जन्मबाट होइन भन्ने कुरामा जोड दिएका छन्। उनले जन्मबाट न कोही ब्राह्मण हुन्छ, न जन्मबाट कोही अब्राह्मण हुन्छ; कर्मबाट नै कोही ब्राह्मण हुन्छ र कर्मबाट नै अब्राह्मण हुन्छ (सुनि–६५५, वासेट्ठसुत्त) न जन्मबाट कोही चण्डाल हुन्छ, न

जन्मबाट 'ब्राह्मण' कर्मबाट नै चण्डाल हुन्छ, कर्मबाट नै ब्राह्मण हुन्छ (सुनि–१४२, वसलसुत्त) भनेर कर्मको महत्त्वमाथि प्रकाश पार्दै जन्मका आधारमा स्थापित जातीय विभेदप्रति असहमति व्यक्त गरेका छन् । उनका अनुसार कर्म, विद्या, धर्म, शील र उत्तम जीवनबाट नै मानव विशुद्ध हुन्छ, विमुक्त हुन्छ; गोत्र अथवा धनबाट हुँदैन (संनि–१.१.४८, जेतवनसुत्त)। जन्मजात रूपमा सबै मानिस समान हुन् र कर्मबाट मात्र मानिस ब्राह्मण बन्दछ भन्ने कुरालाई तपश्चर्याबाट, ब्रह्मचर्यबाट, आत्मसंयमबाट र दमबाट नै मनुष्य ब्राह्मण बन्दछ; यही नै उत्तम ब्राह्मण हो (थेरगा–६३१, सुनीतत्थेरगाथा) भनेर पुष्टि गरिएको छ।

धम्मपदमा कुनै आमाविशेषको योनीबाट जन्म लिनाले मात्र म कसैलाई ब्राह्मण भन्दिनँ, जो अहंकारशून्य र तृष्णारहित छन्, म तिनलाई नै ब्राह्मण भन्छु (धप–३९६, ब्राह्मणवग्ग) भनिएको छ भने संयुत्तनिकायमा कोही तथागत अरहन्तविद्या चरणसम्पन्न भएर अपरिमित मैत्री, करुणा, मुदिता र उपेक्षाको ब्रह्मविहारमा स्वयं ब्रह्मस्वरूप तथा धर्मस्वरूप बनेर रमाउँछन् उनी संसारमा अनुपलिप्त (निर्लिप्त),ब्रह्मभूत तथा अनाश्रव हुन्छन् (संनि–२.३.७६, अरहन्तसुत्त) भनिएको छ । यस्ता ब्रह्मविहारी अनाश्रव ब्रह्मभूत हुन्छन् र उनीहरू नै ठिक अर्थमा ब्राह्मण हुन्छन्, यही नै वास्तविक ब्राह्मणत्व हो । रागक्षय, द्वेषक्षय तथा मोहक्षय नै सही अर्थमा ब्राह्मणत्व हो (संनि–३.५.३८, दुतियब्रह्मञ्ञसुत्त) भनिएको छ । बुद्धले मज्झिमनिकायमा जो अनासक्त छन्, जसका कायिक, वाचिक र मानसिक सबै कर्मका गतिहरू सुन्दर, निर्दोष र निष्कलङ्क छन्, जसले सम्बोधि प्राप्त गरेको छ, जो निष्कम्प छ, जसले धर्मरूपी गङ्गामा स्नान गरेको छ र जो सम्बुद्ध छ तिनलाई नै म ब्राह्मण भन्दछु (मनि–२.४५९, वासेट्ठसुत्त) भनेका छन् । जसले आफ्ना चित्तका समस्त पाप बगाइदिएका छन, जो सदैव सजग रहेर विचरण गर्दछन् र जसका समस्त संयोजन–बन्धनहरू नष्ट भएका वा चुँडिइसकेका छन् यस्ता सम्बोधि प्राप्त व्यक्ति नै यस संसारमा ब्राह्मण हुन् (उदा–५, ब्राह्मणसुत्त) भनिएको छ। यसरी जाति तथा वर्णको उच्चताको मिथ्या अभिमान, निरर्थक कर्मकाण्ड र अन्धविश्वासको अन्धवेणी परम्परालाई तोड्दै वास्तविक ब्राह्मणत्वको बोध गराउनु व्यक्ति तथा समाजको उत्थानका लागि उपयोगितापूर्ण कुरा हो ।

बुद्धले म ब्राह्मण हुँ, सधैँ खुला हातले धर्मको दान दिनेवाला तथा अन्तिम शरीरधारी हुँ। सर्वश्रेष्ठ भिषक/वैद्य र शल्यकर्ता/सर्जन हुँ । यस्तो वास्तविक ब्राह्मणबाट धर्मको दान लिएर धर्मिष्ठ बनेका तिमीहरू सबै मेरो मुखबाट जन्मेका औरस पुत्र हौ। धर्मबाट जन्मेका, धर्मबाट निर्मित, धर्मका उत्तराधिकारी हौ (इतिवु–१००, ब्राह्मणधम्मयागसुत्त) भनेका छन्। वास्तविक ब्राह्मण बुद्धबाट धर्म दान लिएर धर्मिष्ठ बनेका अनेकौँ साधक–साधिकाहरूले निर्वाणको साक्षात्कारपछि प्रसन्नता प्रकट गर्दै अनेकौँ गाथा पनि व्यक्त गरेका छन् । सुन्दरी नामक थेरीले तिमी बुद्ध हौ, तिमी शास्ता हौ, हे ब्राह्मण म तिम्रो हृदयबाट उत्पन्न, तिम्रो मुखबाट जन्मेकी तिम्री छोरी हुँ। म कृतकृत्य भएकी छु, म अनास्रव/निष्पाप भएकी छु (थेरीगा–३३७, सुन्दरीथेरीगाथा) भनेर हर्षका उद्गार प्रकट गरेकी छन् । त्यसरी नै उत्तमा नामक थेरीले म बुद्धकी औरस पुत्री हुँ, सधैँ निर्वाणमा अभिरत (लीन) रहन्छु,, मेरो सांसारिक आवागमन समाप्त भएको छ, अब मेरो पुनर्जन्म हुँदैन (थेरीगा–४६–४७, अपराउत्तमाथेरी) भनेकी छन्। त्यसरी नै सिद्धार्थ गौतम जन्मेकै दिन जन्मेका उनका बालदौँतरी कालुदायी अरहन्त भएपछि हर्षविभोर भएर म त्यस्ता अनुपम तथागत बुद्धको पुत्र हुँ, जसले असह्यलाई पनि सहजै सहन सक्छन् (थेरगा–५३६, कालुदायीत्थेरगाथा) भनेका छन्।

यजुर्वेदको ब्राह्मण ब्रह्माको मुखबाट उत्पन्न भए (यजु–३१.११) भन्ने कथन पनि केही हदसम्म उपर्युक्त कथनसँग मिल्छ । परन्तु कुनै विराट पुरुष वा ब्रह्माको मुखबाट धर्मोपदेश सुनेर तथा त्यसको पालन गरेर कुनै व्यक्तिले ब्राह्मणत्व प्राप्त गरे पनि अन्य तीन वर्णहरू अरू अङ्गहरूबाट उत्पन्न हुने कुरा कुनै किसिमबाट युक्तिसङ्गत देखिँदैन । त्यस्तै कुनै विराट पुरुष वा ब्रह्माको मुखबाट धर्मोपदेश सुनेर तथा त्यसको पालन गरेर कुनै व्यक्तिले ब्राह्मणत्व प्राप्त गरे पनि त्यसका सन्तान दर सन्तानले

पनि स्वतः ब्राह्मणत्व प्राप्त गर्ने कुरा असङ्गत एवं निसर्ग विरुद्ध देखिन्छ । समानता, एकता, सद्भाव एवं मैत्रीको उज्वल आदर्शले भरिएका अन्य ऋचाहरूसँग यसप्रकारका केही ऋचाहरूको पटक्कै तालमेल मिल्दैन (गोयन्का, सन् २००८, पृ.१४७)। जन्मबाट मनुष्यको जाति केवल मनुष्य हो । जाति, वर्ण, गोत्र, लिङ्ग आदिका आधारमा विभेद गर्नु अमानवीयता हो । त्यसैले बौद्धदर्शनमा जाति, वर्ण, गोत्र, लिङ्ग आदिका आधारमा विभेद छैन र विभेदरहित दृष्टि सामाजिक व्यवहारका दृष्टिले उपयोगितापूर्ण छ।

## *सम्बोधिजन्य उपयोगिता*

बौद्धदर्शनअनुसार मानवजीवनको चरम सम्भावना र परम लक्ष्यनिर्वाणको प्राप्ति हो। यसका लागि साधनाद्वारा निरोध समापत्तिको अवस्था प्राप्त गरी इन्द्रियातीत अवस्थाको साक्षात्कार गर्नुपर्दछ । निर्वाण प्राप्तिका लागि वाचिक संस्कार (वितर्क–विचार), कायिक संस्कार (श्वास–प्रश्वास) र चित्त संस्कार (संज्ञा–वेदना) निरुद्ध हुनु अपरिहार्य हुन्छ। साधकले केवल वाणीगत मौन साधित गरेर मात्र वाचिक–कर्म संस्कारको निरोध हुँदैन । वाचिक कर्मसंस्कारको उत्पत्ति मनमा हुन्छ। सर्वप्रथम मनमा वितर्क तथा विचार उत्पन्न हुन्छन्, अनिमात्र वाणीमा प्रकट हुन्छन् । यसर्थ वाचिक कर्मसंस्कारको वास्तविक निरोध तब मात्र हुन्छ; जब वितर्क एवं विचारविहीन समाधिको प्राप्ति हुन्छ । त्यस्तै कायिक कर्मसंस्कारहरूलाई निरुद्ध गर्न केवल भाषिक एवं साङ्केतिक संवादलाई रोकेर कायिक मौन मात्र साधेर पुग्दैन अथवा निश्चित समयसम्म अधिष्ठान (दृढ निश्चय) मा अचल तथा स्थिर रूपमा कुनै आसनमा बसेर मात्र पुग्दैन। कायको अर्को एउटा कर्म श्वासप्रश्वास निरन्तर चलिरहेको हुन्छ। जब श्वासप्रश्वास समेत रोकिन्छ; तब मात्र वास्तवमा कायिक संस्कारको निरोध हुन्छ । यसरी नै मनलाई वितर्क एवं विचारविहीन गरी मनको मौनता साधित गरेर मात्र चित्तका कर्मसंस्कारको निरोध हुँदैन। वितर्क र विचार निरुद्ध भइसकेपछि पनि चित्तमा संज्ञा र संवेदनाका कर्मसंस्कार बनिरहन्छन्। नेवसञ्ञा–नासञ्ञायतन नामक आठौँ ध्यानको समापत्तिमा पनि चित्तले सूक्ष्म रूपमा काम गरिरहन्छ र धेरै दुर्बल रूपमा भए पनि संज्ञा कायम रहन्छ। यस अवस्थामा पनि मनोमय संवेदनाको अनुभव भइरहन्छ । संज्ञा र संवेदना रहुञ्जेल चित्तका कर्मसंस्कारको निरोध हुँदैन । यसकारण जब सञ्ञावेदयितनिरोध समापत्तिको अवस्था प्राप्त हुन्छ अर्थात् साधकको संज्ञा र संवेदना पनि निरुद्ध हुन्छ; तब मात्र चित्तका कर्मसंस्कारहरूको पनि निरोध हुन्छ। यही सञ्ञावेदयितनिरोध समापत्ति नै अन्तिम मुक्त अवस्था/अरहन्तफल प्राप्तिको निर्वाणिक अवस्था हो।

सञ्ञावेदयितनिरोधको अवस्थासम्म पुग्ने क्रममा सर्वप्रथम वाचिक संस्कारको निरोध हुन्छ अर्थात् अवितर्क–अविचार अवस्था प्राप्त हुन्छ; त्यसपछि कायसंस्कारको निरोध हुन्छ अर्थात् श्वासप्रश्वास पूर्ण रूपमा रोकिन्छ; त्यसपछि चित्तसंस्कारको निरोध हुन्छ अर्थात् संज्ञा तथा संवेदनाको निरोध हुन्छ; यसरी चित्त निरुद्ध हुन्छ (मनि १/४६३–४६४, चूलवेदल्लसुत्त)। यही अवस्था नै अन्तिम मुक्त अवस्था अर्थात् अरहन्त फल प्राप्तिको निर्वाणिक अवस्था हो । जसलाई यस्तो अवस्था प्राप्त हुन्छ; उसलाई इन्द्रियातीत निर्वाणको गहिरो अनुभव हुन्छ। अतः उसलाई ऐन्द्रिय र इन्द्रियातीत क्षेत्रको परिपूर्ण ज्ञान प्राप्त हुन्छ। यस्तो परम शान्ति र शीतलताको इन्द्रियातीत अवस्थाको अपरोक्ष अनुभूति गरेका व्यक्ति स्वयं शान्त र शीतल हुन्छन्। यस्ता व्यक्तिमा राग, द्वेष र मोहको अग्नि पूर्णतया निवृत्त हुने भएकाले उनीहरू विकारहरूको तापबाट सर्वथा विमुक्त हुन्छन्। वाणको अर्थ जल्नु हो भने निर्वाणको अभिप्राय तृष्णाको जलन समाप्त हुनु हो। यस्ता शान्त एवं शीतल अवस्थामा पुगेका व्यक्तिमा भवतापको नामनिसान रहँदैन। यही अवस्था नै मोक्षावस्था हो, यही अवस्था नै सम्बोधि वा निर्वाण प्राप्तिको अवस्था हो (शर्मा, वि. सं.२०७५ पृ. ६२)। यस अवस्थामा कुनै पनि लोकमा जन्मको कारण बन्न सक्ने कुनै नयाँ कर्मसंस्कारहरू बन्न सक्दैनन्। यसरी अधोगतिबाट मात्र नभएर समस्तलोकहरूमा जन्मबाट सर्वथा मुक्ति अथवा लोकोत्तर अवस्थाको प्राप्ति हुन्छ। यो अनुभूति हिउँ र आगो छुनुभन्दा पनि अनन्त गुणा स्पष्ट हुन्छ।

सम्बोधिको प्राप्तिबाट विषयभोगको निरर्थकता स्पष्ट हुन्छ । कर्ता र भोक्ताभावले गरिने कर्मसंस्कारको बन्धन पनि प्रस्ट हुन्छ। तपस्याका नाममा गरिने देहदण्डनको निस्सारता तथा कर्मकाण्डको निरर्थकता पनि बोध हुन्छ। विभिन्न दार्शनिक मान्यताका प्रपञ्चहरू छिन्नभिन्न हुन्छन् र अन्धवेणी परम्पराबाट मुक्त हुन्छ। परम सत्यको अपरोक्ष अनुभूतिबाट जागृत प्रज्ञाका बलबाट अन्धमान्यताजन्य दर्शन सम्यक् दर्शनमा परिणत हुन्छ । श्रुतमयी तथा चिन्तनमयी प्रज्ञा क्रमशः सम्यक् दर्शनका आधारमा अनुभूतिमयी प्रज्ञामा परिणत हुन्छ । सुनेका आधारमा कल्पना गरिएको काल्पनिक विमुक्ति सम्यक् विमुक्तिमा रूपान्तरण हुन्छ । चित्तका गहिराइमा दबेर रहेका समस्त अनुशय क्लेशहरू छिन्नभिन्न भएर समाप्त हुन्छन् (गोयन्का, सन् २००२, पृ. ७)। चित्तका विकाररूपी अशुद्धि प्रज्ञाग्निबाट जलेर नष्ट भएर चित्तविकार विमुक्त हुन्छ। यही नै सम्बोधिबाट प्राप्त हुने व्यावहारिक उपयोगिता हो।

## *गृहस्थहरूका लागि व्यावहारिक उपदेश*

बुद्धले मङ्गलसुत्तमा सबैका लागि जीवनोपयोगी र व्यावहारिक उपदेशहरू दिएका छन्। उनले मूर्खहरूको सङ्गत नगर्नु, ज्ञानीहरूको सङ्गत गर्नु र पूज्यहरूलाई सम्मान गर्नुलाई मङ्गलकारक (सुनि–२६२) भनेका छन्। मूर्खहरूले प्रज्ज्वलनशील अँगारजस्तै आफ्नो मिथ्या दृष्टिबाट स्वयंलाई तथा आफ्ना आज्ञाकारीहरूलाई नष्ट गर्छन् (अनि–१.३.३ र मनि–३.२४६)। डर मूर्खहरूबाट उत्पन्न हुन्छ; ज्ञानीहरूबाट हुँदैन । यसकारण बुद्धिमान् मानिसले मूर्खहरूको सङ्गत गर्नुहुँदैन । यदि कसैले कुशको टुप्पाले सडेको माछालाई छोयो भने त्यो कुशको टुप्पाबाट समेत दुर्गन्ध फैलिन्छ; त्यसैगरी मूर्खको सङ्गत पनि अमङ्गलकारक हुन्छ (इतिवु–७६)। ज्ञानीहरूले डरमा रक्षक बनेर, अन्धकारमा प्रकाश बनेर तथा भोकतिर्खामा अन्नजलजस्तै बनेर स्वयं र आफ्ना आज्ञाकारीहरूलाई भय, उपद्रव र सङ्कटहरूबाट बँचाउँछन् (बुद्धघोस, सन् २०२२, पृ. ७९) । त्यसैले ज्ञानीहरूबाट भय, उपद्रव र सङ्कट पैदा हुँदैन। यदि कुनै मनुष्यले पातले पनि पारिजातको फूललाई छोयो भने त्यो पात पनि सुगन्धित हुन्छ; त्यस्तै धीर (ज्ञानी) पुरुषको सङ्गत पनि सुफलदायक हुन्छ (इतिवु–७६) । त्यसैले मूर्खहरूको सङ्गत नगर्नु, ज्ञानीहरूको सङ्गत र पूज्यहरूको सम्मान गर्नु मङ्गलकारक हुन्छ।

त्यस्तै दृढ सङ्कल्पसहित स्वयंलाई सन्मार्गमा लाउनु (सुनि–२६३), विविध विषयको शास्त्रीय ज्ञान हुनु, कलाकौशल वा विविध शिल्पविद्या सम्पन्न हुनु, काया, वाणी र मनलाई राम्रोसँग सुशिक्षित गर्नु र सुभाषित वचन बोल्नु मङ्गल हुन्छ (सुनि–२६४) भनिएको छ। सन्तहरूले सुभाषित वाणीलाई उत्तम भनेका छन्; धर्म बोल्नुपर्छ अधर्म होइन, प्रिय बोल्नुपर्छ अप्रिय होइन, सत्य बोल्नुपर्छ; असत्य होइन (संनि–१.१.२१३ र सुनि–४५६)। बाबुआमाको सेवा गर्नु, कुनै पनि भ्रष्ट र अन्याययुक्त पापकर्म नगरी पुत्रकलत्रको भरणपोषण गर्नु पनि मङ्गलदायी हुन्छ (सुनि–२६५)। बुद्धिमान् व्यक्तिले बाबुआमालाई अन्नपानी, कपडा, शयनासन अर्पण गर्नाका साथै बाबुआमाको शरीर मालिस गरेर, नुहाएर, गोडा धोएर बाबुआमाको सेवा/सत्कार गर्छ; बाबुआमालाई नमन गर्दछ। बाबुआमाको यस्तो परिचर्या गर्दा ज्ञानीले उनको प्रशंसा गर्छन् (अनि–१.३.३१ र इतिवु–१०६)। बाबुआमाले आफ्ना सन्तानलाई पापकर्मबाट टाढा राखेर, कल्याणजनक कार्यमा लगाएर, शिल्प सिकाएर, समुचित दान दिन लगाएर, उचित समयमा उत्तराधिकार सुम्पिएर स्थापित गरी अनुकम्पा गर्दछन् त्यसैले सन्तानले पनि उहाँहरूद्वारा पालितपोषित मैले उहाँहरूको भरणपोषण तथा सेवा गरी कुलको वंशपरम्परा कायम राखेर सही उत्तराधिकारी बन्छु र पितृहरूका प्रेतलाई दक्षिणा दिन्छु (दीनि–३.२६७) भनी विचार गर्नुपर्छ। यसरी बाबुआमाको सेवा गर्ने प्रेरणाप्रद उपदेशलाई सामाजिक उपयोगिताका दृष्टिले उच्चतम स्थानमा राख्न सकिन्छ।

दीघ्घनिकायमा पत्नीलाई अनादर नगरी सम्मान दिएर, अन्य कुनै स्त्रीसँग अवैध सम्बन्ध नराखी आफ्नी पत्नीलाई धन र अलङ्कार दिएर सेवा गर्नुपर्छ; यसरी पतिबाट सेवित पत्नीले पनि योजना बनाएर होसियारीपूर्वक घरका कामहरू ठिक ढङ्गले गरेर, आफन्त र परिवारका सदस्यसँग स्नेह र सद्भावपूर्ण व्यवहार गरेर, मर्यादा भङ्ग हुने गलत

आचरण नगरी धन कमाएर ल्याउने पति र उसले कमाएर ल्याएको धनको संरक्षण गरेर सबै काम कुशलतापूर्वक गरेर पतिमाथि अनुकम्पा गर्दछे (दीनि–३.२६९) भनिएको छ भने संयुत्तनिकायमा जो गृहस्थले शीलवान् रही पुण्यकर्म गर्दै धर्मपूर्वक भार्याको पालनपोषण गर्दछ; त्यसलाई म नमस्कार गर्दछु (संनि–१.१.२६४) भनिएको छ। त्यसरी नै जुवामा नारिएको गोरुजस्तै इमानदारीसाथ आफ्नो लायकको काम परिश्रमपूर्वक गर्ने व्यक्तिले नै धन आर्जन गर्छ (सुनि–१८९ र संनि–१.१.२४६) भनिएको छ भने भ्रमरझैँ उड्दै र हिँड्दै सङ्ग्रह गर्दा मात्र भोग्य सामग्री सङ्ग्रह हुन्छ; जसरी धमिराको गोलो बन्छ (दीनि–३.२६५) भनिएको छ। यसरी पतिपत्नीका बिच सदाचरणयुक्त पवित्र सम्बन्ध कायम राख्दै परिवारको संरक्षण एवं पालनपोषण गर्नका निम्ति जीवनोपयोगी कामको महत्त्व र आवश्यकतामाथि प्रकाश पारिएको प्रेरणाप्रद उपदेशलाई सामाजिक उपयोगिताका दृष्टिले उच्चतम स्थानमा राख्न सकिन्छ।

दानदिनु, धर्माचरण गर्नु, बन्धुबान्धवहरूको सम्मान तथा आदरसत्कार गर्नु र निष्काम रूपमा पवित्र कर्म गर्नु मङ्गलकारक हुन्छ (सुनि–२६६)। आफूसँग रहेको उपभोग्य भौतिक वस्तु लोभमुक्त भएर अरूलाई दिनु नै दान हो। यस्तो दानबाट एकातिर भौतिक वस्तुको अनावश्यक सङ्ग्रह हुँदैन र अर्कातिर जसलाई आवश्यक छ त्यसले त्यो भौतिक वस्तु प्राप्त गर्न सक्छ। निस्पृह एवं पवित्र मनले दान गर्दा दानदाता क्रमिक रूपमा लोभको बन्धनबाट मुक्त हुँदै जान्छ र उसको चित्तको पवित्रता बढ्दै गएर मुक्तिमार्गको यात्रा पनि सहज हुँदै जान्छ। अङ्कुत्तरनिकायमा दानपतिदायक धेरै मानिसहरूको प्रिय र आकर्षक हुन्छ (अनि–२.५.३४) भनिएको छ। वास्तवमा दानदाता सबैको प्रिय पनि हुन्छ। भौतिक वस्तुको दान र धर्म दान गरी दान पनि दुई प्रकारका हुन्छन्। अरूको भलाइका निम्ति लोक तथा परलोकमा दुःखको क्षय तथा सुखको प्राप्ति गराउनुका साथै लोकोत्तर अवस्थासम्म पुऱ्याउने बुद्धद्वारा विज्ञापित धर्मको देशना गर्नु नै धर्म दानहो। धम्मपदमा सबै प्रकारका दानहरूमा धर्मदान, सबै रसहरूमा धर्मरस र सबै प्रेमहरूमा धर्मको प्रेम श्रेष्ठ हुन्छ; तृष्णाको क्षयबाट सबै दुःखहरूको अन्त्य हुन्छ (धप–३५४) भनिएको छ। कुशल कर्मपथमा दान, शील आदि दश कुशलकर्महरूलाई आचरणमा उतार्नु नै धर्मचर्या हो। मज्झिमनिकायमा धर्माचरण तथा शान्त आचरणका कारण प्राणीले मृत्युपछि सुगति प्राप्त गर्छ (मनि–१.४४१) भनिएको छ। धनको विनाश भई अभावले पीडित अथवा रोगले पीडित भएका मातापिता दुवैतिरका सातसात पुस्तासम्मका सम्बन्धीहरूलाई यथाशक्ति भोजन, वस्त्र, धनधान्य आदि दिएर सहयोग गर्नु पनि मङ्गल कार्य हो। यसरी दान तथा सदाचारका साथै कायिक, वाचिक तथा मानसिक कुशलकर्म गर्न उत्प्रेरणा दिने देशनाको सामाजिक उपयोगिता पनि उच्च छ।

पापकर्मदेखि विरत रहनु अर्थात् पापकर्ममा आनन्द नलिएर तिनबाट बँच्नु, मद्यपान नगर्नु अर्थात् मद्यपानमा संयमी हुनु र अप्रमत्त भएर धार्मिक कार्य गर्नु उत्तम हो (सुनि–२६७)। दीघ्घनिकायमा जीवहत्या, चोरी, व्यभिचार र असत्य भाषणलाई दुष्कर्म भनिएको छ (दीनि–३.२४५)। जसले मद्यपान गर्दैन उसका मद्यपानजनित दोषहरूको उपशमन हुन्छ र दोषहरूका विपरीत उसमा गुणहरूको विकास हुन्छ। कुशल धर्मको भावना (ध्यान) मा सावधान नहुनु, निरन्तर काम नगर्नु, सजगतापूर्वक काम नगर्नु, फलमा आसक्त भएर काम गर्नु, दृढ सङ्कल्पपूर्वक काम नगर्नु, सङ्गतिपूर्वक काम नगर्नु, सत्यको जिज्ञासा विना काम गर्नु प्रमाद हो। मत्त हुनु अथवा मत्त हुनुको भाव नै प्रमाद हो (विभ–८४६)। यहाँ प्रमाद जसलाई भनियो त्यस प्रमादको प्रतिपक्षस्वरूप कुशल धर्महरूमा जागरुकताको उपस्थिति हुनु मङ्गल नै हो। यसरी पापकर्मदेखि विरति, मद्यपानमा संयम र कुशल धर्ममा अप्रमादजस्ता कुराहरू मङ्गलदायी हुन्छन्।

सम्मान दिनु, विनयी हुनु, सन्तुष्ट रहनु, कृतज्ञ हुनु र यथोचित समयमा धर्मश्रवण गर्नु उत्तम मङ्गल हो (सुनि–२६८)। आदर गर्न योग्य बुद्ध, प्रत्येक बुद्ध, तथागत, श्रावक, आचार्य, उपाध्याय, शिक्षक, हजुरबा–हजुरआमा, आमाबाबु, दाजुभाउजु, दिदीभिनाजु आदि सबैलाई यथायोग्य सम्मान दिनुलाई गौरव दिनु भनिन्छ। मज्झिमनिकायमा जसले सम्माननीयलाई सम्मान दिन्छ, माननीयलाई मान दिन्छ

र पूजनीयको पूजा गर्दछ; यो कर्म पूर्ण गरेको फलस्वरूप उसले मृत्युपछि सुगति प्राप्त गर्छ (मनि–३.२९५) भनिएको छ। सम्माननीयलाई सम्मान गर्नु, माननीयलाई मानदिनु र पूजनीयको पूजा गर्नु व्यावहारिक सामाजिक जीवनका दृष्टिले पनि अत्यावश्यक कुरा हो। अभिमानरहित भएर कोमल र मधुर बोलिवचन र व्यवहार गर्नु नै विनयशीलता हो। विनयशील व्यक्ति कठोर हुँदैन, यस्तो व्यक्तिले यश प्राप्त गर्छ (दीनि–३.२७३) । विनयशीलता व्यावहारिक सामाजिक जीवनका निम्ति महत्त्वपूर्ण कुरा हो।

सबै प्रकारको सन्तोषलाई नै सन्तुष्टि भनिन्छ। अतिइच्छा, पापेच्छा या धेरै लोभजस्ता अकुशल कर्मको त्याग पनि आर्य मार्गको सामग्री हो र यो जीवनोपयोगिताका दृष्टिले पनि मूल्यवान् छ। कसैबाट थोरै वा धेरै मात्रामा गरिएको उपकार जान्नु, त्यो उपकार सम्झनु र उपकार गर्ने व्यक्तिप्रति अहोभावपूर्ण हुनु नै कृतज्ञता हो र सबै मानिसमा कृतज्ञताको भाव हुँदैन। अङ्कुत्तरनिकायमा उपकार गर्ने र कृतज्ञ अर्थात् गरिएको उपकार जानेर अहोभावपूर्ण चित्तवाला गरी दुई प्रकारका व्यक्ति संसारमा दुर्लभ हुने बताइएको छ (अनि–१.२.१२०) । गरिएको उपकारप्रति चित्तमा कृतज्ञता हुनु धेरै मङ्गलदायक कुरा हो। कृतज्ञता सामाजिक जीवनका दृष्टिले पनि मूल्यवान् हुन्छ।

आवश्यकता एवं अनुकूलता अनुरूप यथोचित समयमा धर्मश्रवण गर्नु हितकारक हुन्छ। जब चित्त विभिन्न प्रकारका कामनाहरूसँग सम्बन्धित विचार तथा आवेगबाट अभिभूत भएर अत्यन्तै बेचैन हुन्छ; त्यसलाई हटाउनका लागि धर्मश्रवण गर्नु धेरै मङ्गलदायक हुन्छ। संयुत्तनिकायमा जुन समय आर्य श्रावकले आफ्नो हित सम्झेर, ध्यानदिएर, मन लगाएर, हृदयदेखि नै एकाग्र भई धर्मको श्रवण गर्दछ; त्यस समय पाँच नीवरण/आवरणहरू समाप्त हुने बताइएको छ (संनि–३.५.२१९) । नीवरण/आवरण भनेका आर्य मार्गमा अगाडि बढ्न बाधा पुऱ्याउने कामच्छन्द (राग वाकामवासना), व्यापाद (द्रोह, द्वेष वा क्रोध), स्त्यानमृद्ध –तन तथा मनको आलस्य), औद्धत्य–कौकृत्य (बेचैनी, छटपटी, पश्चात्ताप) र विचिकित्सा (संशय वा सन्देह) हुन्। त्यस्तै यथायोग्य सम्मान दिनु, विनयी हुनु, सन्तुष्ट रहनु, कृतज्ञ हुनु र यथोचित समयमा धर्मश्रवण गर्नु जीवनोपयोगी तथा मङ्गलदायक हुन्छ।

सहनशील हुनु, सुवचन बोल्नु, श्रमणको दर्शन गर्नु र उचित समयमा धर्मको चर्चा गर्नु उत्तम मङ्गलदायक हुन्छ (सुनि–२६९) । क्षमा नै सहनशीलता हो। दमनबाट चित्तमा विकार पैदा हुन्छ; तर क्षमाबाट चित्तमा नवीन विकार उत्पन्न हुन पाउँदैनन् र केही पुराना विकारहरूबाट समेत छुटकारा मिल्छ। अतः सहनशीलता कल्याणकारक हुन्छ। संयुत्तनिकायमा बलवान् भएर पनि दुर्बलहरूलाई पनि सहनुलाई परम सहनशीलता भनिएको छ (संनि–१.१.२५०) । धम्मपदमा जुन भद्रपुरुषले आक्रोश सहन गर्दछ; उसको त्यो सहनशीलता शक्तिशाली सेनाजस्तै हो र त्यस्तो व्यक्ति नै सही अर्थमा ब्राह्मण हो (धप–३९९) भनिएको छ। क्षमा/सहनशीलताले विकारबाट मुक्ति मिल्ने भएकाले मङ्गलकारक हुन्छ। सुवचन बोल्नु अनुशासनको लाभ, दोषहरूबाट छुटकारा तथा गुणहरूको प्राप्तिका कारण मङ्गलकारी हुन्छ भने शरीर, वाणी, मन तथा प्रज्ञालाई भावित गरेका, समस्त काम तृष्णाबाट मुक्त, आत्मसंयम तथा चित्तको शान्तिबाट समन्वागतश्रमणको श्रद्धापूर्वक गरिएको दर्शनबाट पनि असीमित लाभहरू प्राप्त हुन्छन्। त्यस्तै यथोचित समयमा धर्मको श्रवण तथा मनन गर्नु अपरिमित कल्याणको कारक बन्छ। यसर्थ सहनशील हुनु, सुवचन बोल्नु, श्रमणको दर्शन गर्नु र उचित समयका धर्मको चर्चा गर्नु अत्यन्त जीवनोपयोगी हुन्छ।

तपस्या, ब्रह्मचर्य, आर्यसत्यको दर्शन र निर्वाणको साक्षात्कार परम मङ्गलकारी हुन्छन् (सुनि–२७०)। तपस्याको तात्पर्य राग, द्वेष तथा मोहलाई तपाएर नष्ट गर्नु, आलस्यलाई तपाएर सत्कर्ममा क्रियाशील बन्नु र इन्द्रियलाई संयममा राख्नु हो। तपस्याबाट क्रमशः राग, द्वेष तथा मोहदेखि मुक्ति मिल्ने र समाधिको प्राप्ति हुने भएकाले यसलाई मङ्गलमय मानिन्छ। ब्रह्मचर्य भनेको व्यभिचारबाट विरत रहेर बुद्धशासन तथा अष्टाङ्गिक मार्गमा अघि बढ्नु हो। ब्रह्मचर्य अर्थात् अष्टाङ्गिक मार्गको प्रतिपादनबाट अनेक प्रकारका उपलब्धिहरू प्राप्त हुने भएकाले मङ्गलपूर्ण छ। चार आर्यसत्यहरूको बाह्र प्रकारको ज्ञानबाट दुःखको

निरोध तथा निर्वाणको साक्षात्कार हुने भएकाले उत्तम मङ्गलकारक छ भने निर्वाणको साक्षात्कार भनेको समस्त लोकहरूको अतिक्रमण गरी लोकोत्तर अवस्थामा पुग्नु अर्थात् शाश्वत, अमृत निर्वाणको अपरोक्षानुभूति गर्नु भएकाले परम कल्याणको अवस्था हो । यसरी तप, ब्रह्मचर्य, आर्यसत्यको दर्शन र निर्वाणको साक्षात्कार परम मङ्गलमय रहेको कुरा स्वतः स्पष्ट हुन्छ।

लोकधर्म (लाभ–हानी, सुखदुःख, निन्दा, प्रशंसा तथा यशअपयश)हरूबाट विचलित नभई निःशोक र निर्मल रहनु उत्तम मङ्गलदायी हुन्छ (सुनि–२७१) । जबसम्म लोक/संसार चलिरहन्छ; तबसम्म अवरुद्ध हुने कुनै सम्भावना नै नभएका धर्मलाई लोकधर्म भनिन्छ। संसार रहेसम्म लाभहानी, सुखदुःख, निन्दाप्रशंसा तथा यशअपयश पनि चलिरहन्छन्। त्यसैले यस्ता लोकधर्महरू आइपर्दा पनि यदि चित्तकम्पित हुँदैन, विचलित हुँदैन भने यस्तो चित्त अविचलित हुने लोकोत्तर अवस्थाको प्राप्ति हुनु महामङ्गल हो । किनभने लोकधर्महरूबाट क्षीणाश्रव अरहन्तहरूको चित्त कम्पित हुँदैन। जसरी हावाको गतिले पर्वत कम्पित हुँदैन, त्यसरी नै रूप, शब्द, रस, गन्ध र स्प्रष्टव्य आदि सबै इष्ट र अनिष्ट वस्तुहरूले क्षीणाश्रव अरहन्तहरूको चित्तलाई कम्पित गराउन सक्तैनन्। किनकि उनीहरूको चित्त स्थिर तथा विप्रमुक्त हुन्छ । उनीहरू तिनको समाप्ति मात्र देख्छन् (अनि–२.६.५५ र महाव–२४४)। यसरी चित्त शोकरहित राग, द्वेष तथा मोहको रज (धुलो) रहित अर्थात् विरज हुनाले क्षेमयुक्त हुन्छ।

लोक र परलोकमा सार्थक जीवनबाहेक लोकोत्तर अवस्थाको प्राप्ति चाहने व्यक्तिले मूर्खहरूको सङ्गत नगर्नु, ज्ञानीहरूको सङ्गत गर्नु र पूज्यहरूलाई सम्मान गर्नुका साथै दृढ सङ्कल्पसहित स्वयंलाई सन्मार्गमा लगाउनु आवश्यक हुन्छ। बहुश्रुतता अर्थात् विविध विषयको शास्त्रीय ज्ञान हुनु, कलाकौशल वा विविध शिल्पविद्या सम्पन्न हुनु, काया–वाणी–मनलाई राम्रोसँग सुशिक्षित गर्नु र सुभाषित वचन बोल्नु मङ्गलकारक हुन्छ। बाबुआमाको सेवा गर्नु, कुनै पनि भ्रष्ट र अन्याययुक्त पापकर्म नगरी परिवारको भरणपोषण गर्नु, दान दिनु, धर्माचरण गर्नु, बन्धुबान्धवहरूको सम्मान र आदरसत्कार गर्नु तथा निष्काम रूपमा पवित्र कर्म गर्नु मङ्गलदायक हुन्छ। पापकर्मदेखि विरत रहनु, मद्यपान नगर्नु र अप्रमत्त भएर धार्मिक कार्य गर्नु उत्तम मङ्गल हो भने यथायोग्य सम्मान दिनु, विनयी हुनु, सन्तुष्ट रहनु, कृतज्ञ हुनु, यथोचित समयमा धर्मश्रवण गर्नु, सहनशील हुनु, सुवचन बोल्नु, श्रमणको दर्शन गर्नु, उचित समयमा धर्मको चर्चा गर्नु धेरै जीवनोपयोगी हुन्छ। तप, ब्रह्मचर्य, आर्यसत्यको दर्शन र निर्वाणको साक्षात्कार गरी लोकधर्म (लाभहानी, सुखदुःख, निन्दाप्रशंसा तथा यशअपयश) हरूबाट विचलित नभई निःशोक र निर्मल रहनु परम कल्याणको कुरा हो।

## *सामाजिक, आर्थिक, धार्मिक तथा न्यायिक व्यवहारजन्य उपयोगिता*

सुत्तनिपातको आमगन्ध सुत्तमा प्राणीहिंसा, हत्या, चोरी, असत्य भाषण, छलकपट, निरर्थक र खराब कुराको अध्ययन र परस्त्रीगमनलाई सामिष, अशुद्ध वा पापकर्म भनिएको छ । त्यस्तै कामभोगमा असंयम, रसलिप्तता, मिथ्या आजीविका, मिथ्या दृष्टि, कायिक दुष्कर्म, गलत सूचना दिनु, रुक्षता, कठोरता, छुल्याइँ, धोकेबाजी, निर्दयता, घमण्ड, कञ्जुस्याइँ, क्रोध, मद, कठोरता, जिद्दीपन, विरोधका लागि विरोध गर्नु, ईर्ष्या, व्यर्थ प्रलाप, अभिमान, दुराचरण, ऋण अथवा सापट लिएर नतिर्नु, न्यायालयमा घुस लिएर स्वामीलाई अस्वामी र अस्वामीलाई स्वामी बनाइदिनु वा अपराधीलाई निरपराध र निरपराधलाई अपराधी सावित गर्नु, घुस लिएर गलत बहस वा फैसला गर्नु, कानुनको गलत व्याख्या गर्नु, झुटो गवाही दिनु, सक्षम हुँदाहुँदै पनि वृद्ध आमाबाबुलाई यथेष्ट भोजन नदिनु र यथोचित सेवा नगर्नु, शीलको पालना नगर्नु, अरूको यथोचित आदर नगर्नु, अरूको वस्तुलाई निर्दयतापूर्वक गलत प्रयोग गर्नु, प्राणघात गर्नु, निरन्तर आपराधिक कर्ममा संलग्न रहनुजस्ता सबै दुष्कर्महरूलाई सामिष वा अशुद्ध कर्महरू (सुनि–२४५–२५१, आमगन्धसुत्त) भनिएको छ । मनुष्यको चित्तको शुद्धि न माछामासु खानाले हुन्छ, न त माछामासु नखानाले हुन्छ; न निराहार बस्नाले हुन्छ, न त अतिआहार लिनाले

हुन्छ; न टाउको मुण्डन गर्नाले हुन्छ, न त जटा राख्नाले हुन्छ; न शरीरमा धुलो वा खरानी घस्नाले हुन्छ, न त व्याघ्रचर्म धारण गर्नाले हुन्छ; न आगाको उपासना गर्नाले हुन्छ, न त अन्य कथित कठोर तपश्चर्याहरूबाट नै हुन्छ; न वेदहरूको रटन्ते अध्ययनबाट हुन्छ, न त अग्निहोत्र कर्मबाट हुन्छ; न यज्ञ गर्नाले हुन्छ; न त ऋतुअनुसारको वस्तु मात्र सेवन गर्नाले हुन्छ; न गर्मीमा पञ्चाग्निव्रत गर्नाले हुन्छ; न त जाडोमा चिसो पानीमा प्रवेश गर्नाले हुन्छ; उपर्युक्त प्रकारका कुनै पनि आचरणबाट मनुष्य शुद्ध हुँदैन र उसका संशयहरू पनि हट्दैनन् (सुनि–२५२, आमगन्धसुत्त) । मनुष्यको चित्त विशोधनका निम्ति शील, समाधि र प्रज्ञाको मार्गमा हिड्नैपर्छ। वास्तवमा शीलको पालनबाट समाधिको प्राप्ति सहज हुन्छ; गहिरो समाधिको अभ्यासबाट प्रज्ञाको जागरण हुन्छ र प्रज्ञाको जागरणबाट मात्र सम्बोधि प्राप्ति वा निर्वाणको साक्षात्कार हुन्छ।

प्राचीनकालदेखि नै मानिसले अनेकौं मूर्खतापूर्ण क्रियाकलाप गर्दै आएका छन्। केही मानिसहरू तपस्याका नाममा फ्याँकिएको खाद्य सामग्री जम्मा गरेर जीविका चलाउँछन् भने केही खाने बेलामा जे प्राप्त भयो त्यही खाएर बस्छन्। केही आगामा न पकाइकन काँचै खान्छन् भने केही दाँतले रूखको बोक्रा टोकेर खान्छन् भने केही झरेका फल अथवा पात खाएर बस्छन् (दीनि. अट्ठ– १.२८०)। वर्तमान समयमा पनि तपस्याका नाममा केही मानिसहरू काठको फलेकमा काँटीहरू ठोकेर त्यसमाथि सुत्ने, माटाका हाँडीमा जलेका कोइला राखेर शिरमाथि जटामा राखेर बस्ने, शरीरमाथि गहुँ, जौ, मकै आदि उमार्ने, कहिल्यै स्नान नगर्ने जस्ता मूर्खतापूर्ण व्यवहार गरिरहेका देखिन्छन्। यसप्रकारका कुराहरूको सम्बन्ध सामाजिक नैतिकतासँग हुन्छ न त व्यक्तिको शारीरिक–मानसिक स्वास्थ्यसँग हुन्छ। यस्तो व्यवहारबाट न समाधिको प्राप्ति हुन्छ; न प्रज्ञा जागृत हुन्छ न त संयोजन–बन्धनहरू नै क्षीण हुन्छन्। अतः बौद्धदर्शनले यस्ता मूर्खतायुक्त अन्धवेणी परम्पराहरूको सशक्त रूपले खण्डन गरेको छ। यस्तो खण्डन सामाजिक व्यवहारका दृष्टिले उपयोगितापूर्ण छ।

## *निष्कर्ष*

अनुचित र निरर्थक वचनबाट बँचेर सधैँ मङ्गलमयी तथा कल्याणकारी सुभाषित वाणीको प्रयोग व्यावहारिक उपयोगिताका दृष्टिले पनि महत्त्वपूर्ण हुन्छ। सदाचरणबाट समाज र संस्कृतिको पनि संरक्षण हुने र सदाचारी व्यक्तिले स्वयं पनि आनन्दपूर्ण सुखी जीवनयापन गर्न सक्ने भएकाले व्यावहारिक उपयोगिताका दृष्टिले पनि मङ्गलपूर्ण हुन्छ। सम्यक् आजीविका पनि सभ्य, शान्त र सुखी समाजको निर्माण र मानसिक र शारीरिक रूपमा स्वस्थ जीवनका निम्ति अनिवार्य भएकाले व्यावहारिक उपयोगिताका दृष्टिले महत्त्वपूर्ण हुन्छ। बौद्धदर्शनमा जाति, वर्ण, गोत्र, लिङ्ग आदिका आधारमा विभेद नभएकाले यो विभेदरहित दृष्टि व्यावहारिक दृष्टिमा उपयोगितापूर्ण छ। सम्बोधिको प्राप्तिबाट जागृत प्रज्ञाबाट अन्ध मान्यताजन्य दर्शन सम्यक् दर्शनमा परिणत हुने, श्रुतमयी र चिन्तनमयी प्रज्ञा अनुभूतिमयी प्रज्ञामा परिणत हुने र सुनेका आधारमा कल्पना गरिएको काल्पनिक विमुक्ति सम्यक् विमुक्तिमा रूपान्तरण हुने, समस्त अनुशय क्लेशहरू समाप्त हुने र चित्त विकार विमुक्त हुने भएकाले परम उपयोगी हुन्छ।

सार्थक जीवनका लागि मूर्खहरूको सङ्गत नगर्नु, ज्ञानीहरूको सङ्गत गर्नु र पूज्यहरूलाई पूजा/सम्मान गर्नु, दृढ सङ्कल्पसहित स्वयंलाई सन्मार्गमा लगाउनु, विनयशील हुनु, सुभाषित वचन बोल्नु, बाबुआमाको सेवा गर्नु, भ्रष्ट र अन्याययुक्त पापकर्म नगरी पुत्रकलत्रको भरणपोषण गर्नु, दान दिनु, धर्माचरण गर्नु, बन्धुबान्धवहरूलाई सम्मान र आदरसत्कार गर्नु तथा निष्काम रूपमा पवित्र कर्म गर्नु, मद्यपान नगर्नु, कृतज्ञ हुनु, धर्मश्रवण गर्नु, सहनशील हुनु, सुवचन बोल्नु, धर्मको चर्चा गर्नु अत्यन्त जीवनोपयोगी हुन्छ। त्यसरी नै आर्यसत्यको दर्शन र निर्वाणको साक्षात्कार गरेर लोकधर्महरूबाट विचलित नभई निःशोक र निर्मल रहनु परम कल्याणको कुरा हो भने त्यस्ता व्यक्तिको प्रभाव र प्रेरणाबाट समाजका विकृतिविसङ्गतिको अन्त्य भई शान्ति, सद्भाव तथा सुव्यवस्था कायम हुन्छ। तपश्चर्याका नाममा गरिने शील, समाधि, प्रज्ञा र विमुक्तिसँग असम्बन्धित मूर्खतायुक्त अन्धवेणी परम्पराहरूको बौद्धदर्शनले गरेको

खण्डनको व्यावहारिक तथा सामाजिक उपयोगिता पनि स्वतः सिद्ध नै छ।

## *सन्दर्भ सामग्रीहरू*


अङ्गुत्तरनिकाय. बौद्धग्रन्थ।

दीघ्घनिकाय (सन् १९११). बौद्धग्रन्थ।

गोयन्का, सत्यनारायण (सन् २००२). *जागे पावन प्रेरणा.* इगतपुरी : विपश्यना विशोधन विन्यास।

गोयन्का, सत्यनारायण (सन् २००८). *क्या बुद्ध नास्तिक थे ?.* इगतपुरी : विपश्यना विशोधन विन्यास।

पालितिपिटक (वि.सं.२०१६). विहार : विहारराजकीय पालिप्रकाशन मण्डल।

बुद्धघोष (सन् २०१९). *सुत्तनिपात अट्ठकथा.* भाग १. इगतपुरी : विपश्यना विशोधन विन्यास।

बुद्धघोष (सन् २०२२). *सुत्तनिपात अट्ठकथा.* भाग २, इगतपुरी : विपश्यना विशोधन विन्यास।

मिश्र, जगदीशचन्द्र (सन् २००९). *भारतीय दर्शन.* प्रथम भाग, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

वसुबन्धु (सन् १९६७). *अभिधर्मकोश.* पटना : काशीप्रसाद जायसवाल अनुशीलनसंस्थान।

विनयपिटक, बौद्धग्रन्थ।

विभङ्ग, बौद्धग्रन्थ।

शर्मा, चन्द्रधर (सन् २०१०). *भारतीयदर्शन आलोचन और अनुशीलन.* वाराणसी : मोतीलाल बनारसीदास।

शर्मा, यादवप्रसाद (वि.सं. २०७५). *पौरस्त्य दर्शन र नेपाली साहित्य.* काठमाडौँ : शकुन्तलादेवी शर्मा।

शुक्लयजुर्वेद (सन् १९२६). बम्बई : निर्णयसागर।

संयुत्तनिकाय. बौद्धग्रन्थ।

सक्सेना, प्रवेश (सन् २००५). *भारतीयदर्शनों में क्या है ?.* दिल्ली : पुस्तकमहल।

सुत्तनिपात (सन् १९७७). वाराणसी : मोतीलाल बनारसीदास।


### *सङ्क्षेपीकृत शब्दसूची*

***अनि* =** अङ्गुत्तर निकाय ( बौद्धग्रन्थ )

***इतिवु* =** इतिवुत्तक (बौद्ध ग्रन्थ)

***उदा* =** उदान (बौद्ध ग्रन्थ )

***थेरगा* =** थेरगाथा(बौद्ध ग्रन्थ)

***थेरीगा* =** थेरीगाथा (बौद्ध ग्रन्थ)

***दीनि* =** दीघ्घनिकाय (बौद्ध ग्रन्थ)

***धप* =** धम्मपद (बौद्ध ग्रन्थ )

**मनि=** मज्भिमनिकाय (बौद्ध ग्रन्थ)

***महाव* =** महावग्ग (बौद्ध ग्रन्थ)

***विभ* =** विभङ्ग (बौद्ध ग्रन्थ)

***संनि* =** संयुत्त निकाय (बौद्ध ग्रन्थ )

***सुनि* =** सुत्त निपात ( बौद्ध ग्रन्थ )